# लैगिंक समानता तथा सामाजिक समावेशीकरण परिक्षण प्रतिबेदन

२०८१

पौष

# सुनकोशी गाउँपालिका


गाउँ कार्यपालिकाको कार्यालय

पाङ्ग्रेटार, सिन्धुपाल्चोक

नेपाल

# विषयसूची


१ पृष्ठभुमि ........ १

१.१ लैससास परिक्षण सम्बन्धि कानुनी व्यवस्था ........ १

१.२ लैससास परिक्षणको औचित्यता तथा अध्ययनको महत्व ........ २

१.३ लैससास परिक्षणका उदेश्यहरु ........ ३

१.४ लैससास परिक्षणले समेट्ने क्षेत्रहरु ........ ४

१.५ लैससास परिक्षणका बिधि र तरिका ........ ५

१.६ लैससास परिक्षणका बिधि तथा औजारहरु ........ ५

१.७ गाँउ पालिकाको परिचय ........ ६

१.८ लैससास परिक्षणबाट प्राप्त उपलब्धिहरु ........ ७

१.८.१ लैससास सम्बन्धि सवल पक्ष कमजोर पक्ष अवसर र चुनौति (SWOT) बिश्लेषण ........ ७

१.८.२ लैससास सुचकको अभ्यास तथा समुह छलफलबाट प्राप्त नतिजा ........ १०

१.८.३ गत वर्ष र यस वर्षको नतिजामा तुलना ........ १०

१.८.४ लैससास सुचकको माकुरी जालो बाट नतिजा बिष्लेषण ........ ११

१.८.५ लैससास परिक्षणबाट प्राप्त नतिजा (स्तम्भचित्र) ........ १२

१.८.६ लैससास परिक्षणमा दस्तावेज अध्ययन पश्चात प्राप्त नतिजा : ........ १४

१.९ लैगिंक समानता तथा सामाजिक समाबेशीकरण विकास कार्ययोजना ........ १६

१.१० निश्कर्ष तथा सुझावहरु ........ २२

२ अनुसुचिहरु ........ २४

अनुसूची २.१: मुल्याङ्कन फारम र नतिजा ........ २४

अनुसूची २.२: कार्यक्रमका फोटोहरु ........ ३७

अनुसूची २.३: सहभागि उपस्थिति विवरण ........ ३९

## १ पृष्ठभुमि

नेपालको संविधानले दिशानिर्देश गरे बमोजिम सहभागितामुलक सिद्धान्तमा आधारित समतामुलक समाज निर्माण गर्नका लागी **तिन** तहका सरकारको नीति, संरचना, प्रणालीहरूमा लैगिंक समानता तथा सामाजिक समाबेशीकरण (लैससास) लाई मुलप्रवाहिकरण र संस्थागत गर्नुपर्ने आवश्यकता रहेको छ। यिनै कानुनी तथा ब्यवहारिक आवश्यकतालाई मध्यनजर गर्दै **सुनकोशी गाँउपालिका** शुसानमा, संरचनाहरुमा, विकासमा र आफ्ना सेवाहरुमा लैससास परिक्षण गर्न र यसको निरन्तर उपयोग गर्न कटिवद्ध रहेको छ। समाबेशी दृष्टिकोणबाट सुशासनमा योगदान पुऱ्याउने कुनैपनि गतिबिधि कर्तब्य र निष्ठाको संस्कृतिबाट सुरु हुन्छ। लैगिंक समानता तथा सामाजिक समाबेशीकरण परिक्षण राज्यद्धारा प्रतिवद्धता जनाई स्विकृत गरिएको एउटा यस्तै महत्वपुर्ण प्रक्रिया हो, राज्यको संबैधानिक नीतिले लैगिंक समानता र महिला सशक्तिकरणको ब्यबस्था गरेको र बजेट अनुगमनका उपकरणहरु जस्तै लैससास परिक्षण, लैगिंक उत्तरदायि बजेटको ब्यवस्था गरेको भएतापनि स्रोत साधन र बिषयप्रतिको कम संबेदनशिलताको कारण कतिपय स्थानिय पालिकाहरु लैससास परिक्षण पद्धतिको प्रभावकारीताबाट टाढा रहेको छ ,यद्यपी सुनकोशी गाउँपालिाले भने गत तीन वर्षदेखी यसको निरन्तर अभ्यास गर्दै आईरहेको छ। यसको बिश्वासनियताको आधार भनेको संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय बाट नमुना कार्यबिधिको रुपमा प्रस्तावित लैससास परिक्षण कार्यबिधि अनुरुप यस पालिकाको लैससास परिक्षण गर्नु रहेको छ।

### १.१ लैससास परिक्षण सम्बन्धि कानुनी ब्यवस्था

नेपालको संविधानको प्रस्तावनामा बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरी विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्द्धन गर्दै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंङिगक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ। संविधानको धारा १८ ले समानताको हक, ३८ ले महिलाको हक, धारा ४२ ले सामाजिक न्यायको हक र धारा ५१ (ञ) मा सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिको व्यवस्थाको साथै धारा ५२ ले राज्यले गर्नु पर्ने दायित्वको ब्यबस्था गरेको छ।

नेपालमा सरकारी स्तरबाट महिला तथा बञ्चितिमा परेका वर्गहरुलाई विकासको मुलप्रवाहमा ल्याई समावेशी विकास गर्ने उद्धेश्यले लैससास सम्बन्धी नीतिलाई स्थानिय तहमा कार्यान्वयन गर्न संघिय, प्रादेशिक तथा स्थानिय सरकारहरुले अधिकतम प्रयासहरु गरिरहेका छन्। यसै परिप्रेक्षमा राज्यको सबै संरचनाहारुमा लैङ्गिक समानता तथा सामाजिक समाबेशिकरण नीति कार्यान्वयन गर्नका लागि महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले राष्ट्रिय लैंङ्गिक समानता निति २०७७ तथा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गाँउपालिका/नगरपालिका सामाजिक समावेशीकरण नीति, २०७८ (नमूना) तर्जुमा गरेको छ।

संयुक्त राष्ट्रसंघको साधरण सभाले सन् २०१६ देखि २०३० सम्ममा हासिल गर्नुपर्ने दिगो विकासका १७ वटा लक्ष्य र १६९ वटा उप-लक्ष्यहरु पारित गरेको छ। दिगो विकासका लक्ष्यहरुले विशेष गरी हरेक व्यक्तिको स्वाभिमान, स्वातन्त्रता, समानताका साथै भोक, गरिबिको अन्त्य गर्दै शिक्षित तथा स्वस्थ जीवनयापनका लागि परिकल्पना गर्दछ। यसका साथै यि लक्ष्यहरुले गरिबिको रेखामुनि रहेका बालबालिका, किशोरकिशोरी, महिला अपाङ्गता भएका व्यक्ति, यौनीक तथा लैगिंक अल्पसंख्यक, पछाडी पारिएका समुदाय जस्तै दलित, जनजाती, आदिवासीहरुको आवश्यकताहरुलाई समेट्ने उद्धेश्य राखेको छ । चरम गरिबिको अन्त्य गर्न, असमानता हटाउन, विभेदसंग लड्न र पछाडि परेका व्यक्ति र समुहको द्रुत गतिमा प्रगती गर्नका लागि **कोहि पनि पछाडी नछुटुन** भन्ने मुख्य सिद्दान्तलाई दिगो बिकास लक्ष्यहरुले अंगिकार गरेको छ। सोहौ योजना(आर्थिक बर्ष२०८१/२०८२-२०८५/२०८६) को आधारपत्रमा क) लैङ्गिक समानता तथा महिला सशक्तिकरण ख) बालबालिका तथा किशोरकिशोरी ग) जेष्ठ नागरिक घ) अपाङ्गता भएका व्यक्ति ङ) सामाजिक सुरक्षा तथा संरक्षण च) समावेशिकरण लगायतका विषयहरुलाई छुट्टै शिर्षकका रुपमा राखिएको छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा २४ ले स्थानिय सरकारले आफनो अधिकार क्षेत्र भित्रका बिषयमा आवधिक, बार्षिक, रणनीतिगत रुपमा मध्यकालिन तथा दिर्घकालिन योजना बनाउँदा लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी अन्तर सम्बन्धित विषयलाई ध्यान दिनु पर्ने व्यवस्था गरेको छ।

यस सुनकोशी गाउँपालिकाको सन्दर्भमा पालिकाले लैङ्गिकमैत्री समावेशी गाउँपालिका बनाउने परिकल्पना अनुरुप समुदायमा पछाडी पारिएका वा परेका महिला, दलित, आदिवासी जनजाती, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक, एकल महिला र हिंसा पीडितहरुलाई समान सहभागीता, अग्रसरता र निर्णय प्रकियामा सहभागीताको भुमिका सहित लैङ्गिक समानता र सामाजीक समावेशीकरण मार्फत सवैले आत्मसम्मान वोध हुने वातावरण निर्माण गर्न र गाउँपालिकावाट गठन तथा सञ्चालन हुने समिति, संरचना र कियाकलापहरुलाई मुलप्रवाहीकरणको माध्यमवाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण पद्धतीलाई संस्थागत गर्न र पालिकालाई लैससास मैत्रि बनाउनका लागी आवश्यक देखीएकोले सुनकोशी गाउँपालिकाको प्रगति स्वरुप २०८१/८२ को लैससास परिक्षण कार्य संपन्न भएको छ।

## १.२ लैससास परिक्षणको औचित्यता तथा अध्ययनको महत्व

यस सुनकोशी गाउँपालिकाले महिला, जनजाती, आदिबासी, दलित, सामाजिक, आर्थिक रूपमा पछाडी परेको वर्ग तथा समुदायको सहभागितालाई बढाएर बिकासको प्रक्रियालाई संस्थागत गर्ने पक्षमा जोड दिएको छ । आफ्नो क्षेत्रको विकासको लागि साधनहरूको परिचालन, बाँडफाँड, कार्यन्वयन र त्यसबाट प्राप्त प्रतिफलको उपभोगमा यस परीक्षणले सामाजिक समानता आउने उद्धेश्य राखेको छ। संस्थाको कार्यलाई बढी प्रभावकारी बनाउन संस्थामा लैङ्गिक स्थितिको पहिचान र योजनाबद्ध तवरबाट लैंङ्गिक उत्तरदायी विकास प्रकृयालाई संस्थागत गर्न लैससास परीक्षणगर्न आवश्यक ठानेको छ। लैससास परीक्षण प्रकृया आफैमा एउटा सहभागितामुलक स्वमुल्याङ्कन भएकोले कर्मचारी तथा पदाधिकारीहरूको व्याक्तिगत तथा संस्थागत कृयाकलापहरूलाई लैससासको क्षेत्रमा काम गर्न उत्साह जगाँउछ साथै यस प्रकृयामा संलग्न कर्मचारीहरूलाई लैंङ्गिक पक्षमा उत्तरदायी हुने तर्फ पनि उन्मुख गराउँदछ। यस प्रकृयाले स्थानीय तहको लैङ्गिक मूलप्रवाहीकरण तथा महिला सशक्तिकरण सम्बन्धी कार्यक्रममा प्रभावकारिता बढाउन र संस्थागत अपनत्वको भाबना जर्गेना गर्न पनि सघाउ पु-याउदछ। परिक्षणद्बारा कार्यक्रम तथा बजेटको

विश्लेषण गरी आगामी बर्षको कार्यक्रम तथा बजेटलाई लैससासको दृष्टिकोणबाट तय गर्न तथा बजेट छुट्टयाउन समेत मद्धत पुऱ्याउँदछ। साथै लैससास परिक्षणको देहाय अनुसारको महत्व रहेको छ :

क) संविधानद्धारा प्रद्त्त हकहरुको कार्यान्वयन गर्न तथा पालिकास्तरमा समानुपातिक समावेशीताका आधारमा सबै संरचनामा महिला, बालबालिका, दलित, आदिवासी, जनजाति मधेशी, मजदुर, किसान, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग सबैलाई सहभागी गराउन संवैधानिक व्यवस्था गरिएको परिदृश्यमा सामाजिक विविधता बीचको असमानता, सामाजिक बञ्चितिकरणका कारण सामाजिक समूहको विकास सूचकहरुमा भएको कमजोर अवस्था र सामाजिक, आर्थिक तथा प्रशासनिक क्षेत्रमा रहेको पहुँचको अन्तरलाई न्यून गर्ने उपायहरु पहिचान गर्ने ।

ख) नेपाल सरकारले लैससास मुद्दाहरुलाई नीतिगत तथा कानुनी सुधार गर्दै अग्रता दिईरहेको सन्दर्भमा यस सुनकोशी गाउँपालिकाले समेत यस विषयलाई प्राथमिकतामा राख्नु पर्दछ । गाँउपालिकाले लैससासको अवधारणलाई आफ्ना नीति, योजना तथा कार्यक्रम र बजेटमा मुलप्रबाहीकरण गर्नुपर्ने देखिएको छ। यसको सुनिश्चितताका लागी पालिकाले निरन्तर रुपमा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परिक्षण गर्नु पर्दछ ।

## १.३ लैससास परिक्षणका उदेश्यहरु

लैससास परिक्षणको मुख्य उद्देश्य सुनकोशी गाउँपालिकाले गर्ने सम्पुर्ण विकासका कार्यहरुलाई लैससास उत्तरदायी र दिगो बनाउन आर्थिक स्रोतको सुनिश्चितता, समतामुलक वितरण तथा उपयोगी बनाउने रहेको छ। यसका अन्य विशिष्ट उद्देश्यहरु यस प्रकार रहेका छन ।

**क**) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण मार्फत स्थानीय सरकारको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला र सिमान्तकृत समुहहरुलाई समाबेशी गरी, लैङिगक समानता र सबै जातजातीको अर्थपूर्ण सहभागिता गराई लैङिगक अन्तर र यसको (Gender Gaps) प्रभावलाई सम्बोधन गदै लैङ्गिक मूलप्रबाहिकरण र सशक्तिकरण गर्दै लैजाने ।

**ख**) महिला र सीमान्तकृत समुहहरुलाई समावेश गरि उनीहरुको योजनाबद्ध रुपमा व्यक्तिगत र सामूहिक क्षमता अभिबृद्धि गरी स्थानीय तहको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने ।

**ग**) पालिकाको सवै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास कार्यन्वयन भए नभएको लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याँकन गर्ने साथै यसकार्यलाई संस्थागत गर्दै लैजाने ।

**घ**) सामाजिक समानता तथा सामाजिक समावेशीकरणको अवस्थामा आएको अन्तर र यसमा रहेको सुधार अवस्थाको विश्लेषण गर्ने ।

**ङ**) लैससास परिक्षणको नतिजाका आधारमा समस्या तथा चुनौतीहरुको पहिचान गरी समयमै समाधान गर्ने तथा भावी योजना तथा कार्यक्रमका लागि नीतिगत सुझाव दिने ।

## १.४ लैससास परिक्षणले समेट्ने क्षेत्रहरु

स्थानीय तह लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणको परिक्षणको दिग्दर्शन २०७७ मा संस्थागत लेखाजोखाको लागि प्रयोग गरिने सूचकको रुपमा नीति, कानून, योजना, संस्थागत व्यवस्था, मानव संसाधन तथा क्षमता विकास, सेवा प्रवाह र सुशासन तथा उत्तरदायित्व गरी पाँचबटा शीर्षकहरु भित्र विभिन्न २२ वटा उपशीर्षकहरू राखिएका छन् । तसर्थ यस सुनकोशी गाउँपालिकाले पनि यिनै ५ वटा मुल शिर्षक र २२ उप शिर्षकमा रहेर लैससास परिक्षण गरिएको छ जुन निम्नानुसार रहेका छन ।

**१.नीति, कानुन तथा योजना**

१.१ नीति कानुनमा समाबेशिता, सहभागिता

१.२ योजना तर्जुमा तथा कार्यान्वयन

१.३ बजेट तर्जुमा तथा कार्यान्वयन

**२. संस्थातग व्यवस्था**

२.१ कर्मचारी पदाधीकारी प्रतिनिधीत्व

२.२ कार्यप्रणाली समाबेशी

२.३ समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व

२.४ वित्त व्यवस्थापन प्रणालीमा समावेशीता

२.५ तथ्याङ्क संकलन तथा व्यवस्थापन

**३. मानव संसाधन तथा क्षमता विकास**

३.१ मानव संसाधन तथा क्षमता विकास

३.२ अनौपचारीक मुल्य, मान्यता र कुसंस्कार विरुद्द जनचेतना

३.३ कानुनी साक्षरता

३.४ विपद व्यवस्थापनमा समावेशिता

**४. सेवा प्रवाह**

४.१ पुर्वाधार विकास

४.२ प्रजनन् स्वास्थ्य

४.३ शिक्षा कार्यक्रम

४.४ खानेपानी तथा सरसफाई

४.५ स्वारोजगार तथा आय आर्जन र बजार व्यवस्थापन

**५. सुशासन तथा उत्तरदायीत्व**

५.१ सुशासन

५.२ उत्तरदायीत्व र जवाफदेहिता

५.३ सुचना तथा संचार

५.४ अनुगमन तथा मुल्याङ्कन

## १.५ लैससास परिक्षणका बिधि र तरिका

**स्थानिय तह लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधी २०७७** मा उल्लेख भए बमोजिम सुनकोशी गाउँपालिकाको लैससास परिक्षण निम्न चरणमा विभाजन गरी देहाय अनुसार सम्पन्न गरियो । जसमा मिति २०८१ पौष २४ गते सुनकोशी गाउँपालिका कार्यालयमा यस गाउँपालिकाका अध्यक्षको अध्यक्षतामा जेसि सम्वन्धमा पालिकामा भए गरेका कानून, नीति रणनीति, निर्णयहरुमा र भएका व्यवस्था तथा निर्णय लगायत कार्यक्रमहरुको बारेमा डेक्स रिभ्यू गर्ने गरि एक कार्यदल गठन गर्ने निर्णय भयो । सो बैठकले उपाध्यक्षको संयोजकत्वमा जेसि सम्वन्धी डेक्स रिभ्यू गर्ने गरि कार्यदल गठन भयो । लैससास कार्यान्वयन समितिको वैठक बस्ने, लैससास परीक्षणको लागि सहभागीहरू तोक्ने, लैससास कार्यशाला गोष्ठी संचालनको लागी मिति २०८१ पौष २५ र २६ गते कार्यदल तथा लैससास विज्ञले गाउँपालिकाको दस्तावेजहरु (जस्तै वार्षिक निति तथा कार्यक्रम, योजना, आवाधिक योजना,वार्षीक प्रगती प्रतिवेदन,आर्थिक प्रतिवेदन, चौमासीक वार्षीक समिक्षाको प्रतिवेदन, विकास वुलेटिन, प्रोफाईल, बिभिन्न समयमा भएका निर्णयहरुको लैससास दृष्टिकोणले विश्लेषण र पुनरावलोकन गर्नुको साथै २ दिने कार्यशाला संचालन गरिएको थियो । लैससास परीक्षण कार्य नितान्त संस्थाको स्व-लेखाजोखा कार्यक्रमका रुपमा पालिकाका सम्पूर्ण कर्मचारी, पदाधिकारीहरु र सम्बन्धित सरोकारवालाहरुलाई लैससासको अवधारण र लैससास परिक्षणको आवश्यकता र महत्व एवं यसले दिगो बिकासमा पार्ने सकारात्मक प्रभाव बारेमा छलफलद्धार प्रष्ट पारिएको थियो । लैससास परिक्षणमा सबै सहभागिलाई समुहमा बिभाजन गरि प्रत्येक समुहलाई एउटा एउटा मुल शिर्षकमा छलफल गर्न लगाई समूहबाट प्राप्त छलफलको नतिजालाई सवै सहभागीबीवचमा आ आफ्नो समूहको प्रस्तुती गर्न लगाई आएको छलफललाई समेटी परिक्षणको बिधि अनुसार अंक भार निर्धारण गरियो । प्राप्त भएका नतिजालाई माकुरोको जालोमा प्रस्तुत गरि स्व मुल्याङ्क गरिएको थियो । सुनकोशी गाउँपालिकाको संस्थागत लेखाजोखा गर्दा नीति, कानुन र योजना, संस्थागत व्यवस्था, मानव संसाधन तथा क्षमता विकास, सेवा प्रवाह र सुशासन तथा उत्तरदायीत्व गरि मुख्य ५ वटा मुल बिषयको २२ वटा सहायक विषयको १०० वटा सूचकहरुका आधारमा गरिएको थियो । छलफलका आधारमा उक्त बुंदामा राम्रो देखिएमा १, मध्यम देखिएमा ०.५ र सुधार गर्नु पर्ने देखिएमा वा सो बिषय कुनै काम नै हुँदै नभएमा ० अंकहरु प्रदान गर्ने बिधि अनुसारका नम्वर प्रदान गरियो । अन्तमा ५ वटा मुल सूचक त्यस अन्तरगतका सहायक सूचकहरुमा प्राप्त अंकहरुलाई माकुरी जालो बिधिबाट प्रस्तुत गरिएको थियो । सो चित्रले देखाएका राम्रा पक्षलाई निरन्तरता दिदै, कमजोर पक्षहरुलाई सुधार गर्दै आगामी दिनमा गाँउपालिकाले ति क्षेत्रहरुलाई प्राथमिकतामा राखि कार्यक्रमहरु गर्नको लागि लैसास विकासका लागि कार्ययोजना समेत बनाईएको थियो ।

## १.६ लैससास परिक्षणका बिधि तथा औजारहरु

परिक्षण कार्यलाई ब्यवहारिक र वस्तुपरक बनाउन निम्न बिधिहरुको अवलम्बलन गरिएको थियो । जसको कानुनी आधारहरु भने नेपालका प्रचलित कानुन (नेपालको संबिधान २०७२, स्थानिय सरकार संचालन ऐन २०७४ लगायत अन्य ऐनहरु)नै मुख्य आधार हुन् ।

- **दस्तावेजहरुको अध्ययन तथा डेक्स रिभ्यु**
- **कार्यशाला गोष्ठी**
- **लक्षीत समुहसंग छलफल (Focus Group Discussions)**
- **मुख्य जानकार ब्यक्तिसंग साक्षातकार अर्न्तकृया**
- **प्रत्येक्ष अवलोकन तथा भेटघाट**

## १.७ गाँउ पालिकाको परिचय

सुनकोशी गाउँपालिका वागमती प्रदेशका १३ जिल्लाहरुमध्ये सिन्धुपाल्चोक जिल्लामा अवस्थित रहेको छ । वि.सं २०७३ फागुन २७ गते नेपाल सरकारले साविकको ठोकर्पा, कालिका, यमुनाडाँडा, सुनखानी, थुम्पाखर र पाङ्गेटार गा.वि.स.लाई समावेश गरी देशका ७५३ स्थानीय तह मध्ये घोषणा गरिएको एक स्थानीय तह हो सुनकोशी गाउँपालिका । यस गाउँपालिका ७२.८४ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको छ । यस पालिकाको पूर्वमा त्रिपुरासुन्दरी र लिसङ्खुपाखर गाउँपालिका, पश्चिममा चौतारा साँगाचोकगढी नगरपालिका, उत्तरमा बलेफी गाउँपालिका र दक्षिणमा काभ्रेपलाञ्चोक जिल्लाको भुम्लु गाउँपालिका तथा लिसङ्खुपाखर गाउँपालिका पर्दछन । ७ वटा वडामा रहेको यस गाउपालिकालाई साविकका ठोकर्पा गा.वि.स.लाई वडा नं १ र २ कालिका, यमुनाडाँडा, सुनखानी, थुम्पाखर र पाङ्गेटार गा.वि.स.लाई क्रमश ३,४,५,६ र ७ वडा गरी प्रशासनिक विभाजन गरिएको छ । गाउँपालिकाको दक्षिणतर्फ बगेको कोशी नदीको सहायक सुनकोशी नदीको नामबाट यस गाउँपालिकाको नामाकरण भएको हो । जनगणना २०७८ अनुसार यस गाउँपालिकामा ७,३११ पुरुष र ७,८६५ महिला गरी कूल १५,१७६ जनसंख्या रहेको छ । पुरुष ७८.८ र महिला ६४.३ प्रतिशत साक्षरता रहेको यस गाउँपालिकामा कूल साक्षरता दर ७१.४ प्रतिशत रहेको छ । जातिगत आधारमा सबैभन्दा धेरै जनसंख्या क्षेत्री जातिको रहेको छ । जसको जनसंख्या ३९.२ प्रतिशत रहेको छ भने त्यसपछि क्रमश तामाङ १६.५, ब्राम्हण ९.७, पहरी ९.५, विश्वकर्मा ५.८, मिजार ४.३, माझी ३.७, नेवार २.९, परियार २.७, घर्ती भुजेल १.९ रहेका छन । कृषि तथा पशुपालनमा प्रसस्त सम्भावना रहेको यस गाउँपालिकाका बासिन्दाको प्रमुख आम्दानीको श्रोतको समेत कृषि तथा पशुपालन नै रहेको छ ।

## १.८ लैससास परिक्षणबाट प्राप्त उपलब्धिहरु

### १.८.१ लैससास सम्बन्धि सबल पक्ष कमजोर पक्ष अवसर र चुनौति (SWOT) बिश्लेषण

| मुल शिर्षक | सबल पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु | अवसर | चुनौति |
|---|---|---|---|---|
| **नीति कानुन तथा योजना** | • बजेट तर्जुमा तथा कार्यान्वयन गर्दा सबैको उपस्थिती हुनु ।<br>• लक्षितका कार्यक्रम तथा योजना वार्षिक योजना पुस्तीकामा समावेश हुनु ।<br>• पालिकाले बिभिन्न ऐन नियम र कार्यबिधि बनाई काम गर्नु । | • नीति बिधि तथा कार्यबिधिको मस्यौदा तयार गर्दा लैससासको दृष्टिले सुझाव दिन कार्यटोली निर्माण नहुनु ।<br>• हरेक सभा बैठकमा समावेशी तरिकाले उपस्थिती नहुनु ।<br>• लैङ्गिक परिक्षण तथा सामाजिक विभेद अन्त्य गर्न नीत तयार नहुनु । | • स्थानीय तहको ऐन नियम तथा कार्यविधिमा लक्षित वर्गमा हुने विभेद रोकिने व्यवस्था हुनु ।<br>• नीति कानुन योजना जारी गर्दा लैससासको दष्टिले उपयुक्त हुने ।<br>• विभिन्न समुह तथा समुदाय बिच हुने विभेदको अन्त्य गर्न अवसर | • कानुन सम्बन्धि सबैमा जानकारी नहुनु ।<br>• आवश्यकता अनुसार बजेट विनियोजित नभएर योजना दिगो नहुने ।<br>• बिषय बस्तुमा बिज्ञता ।<br>• योजनागत सामाजिक बिबाद |
| **संस्थागत व्यवस्था** | • महिला सहभागीताको लागी न्युनतम प्रयास जारी हुनु ।<br>• नीतिगत र संस्थागत प्रयासको थालनी ।<br>• सामाजिक शाखाले महिला तथा वालवालिका शाखाको काम गर्ने व्यवस्था हुनु ।<br>• लक्षित समुहका महिलाका विकासलाई कार्यक्रम र बजेटमा समेट्ने प्रयासको थालनी ।<br>• उपभोक्ता समिति र अन्य समितिमा अनिवार्य महिला सहभागिताको व्यवस्था हुनु ।<br>• वेभसाइट इमेल फेसबुक हुनु । | • अर्थपुर्ण र समानुपातिक प्रतिनिधित्व मा कम ध्यान दिनु ।<br>• ठोस नीतिगत अभिलेखिकरण कम छ ।<br>• समाबेशी कार्यटोली गठन गर्ने अभ्यासमा कमि ।<br>• वास्ताविक लक्षित समुहको पहिचान गरि बजेट कार्यक्रममा समेट्ने प्रयासको थालनी ।<br>• कानुन तथा योजना निर्माण भएपछि लैगिंक दृष्टिकोणबाट सल्लाह सुझाव दिने समिति नवनेको । | • स्थानीय सरकारले कानुन बनाउन सक्ने अधिकार सहितको संवैधानिक व्यवस्था हुनु ।<br>• महिलाहरुको सहभागीताको लागी चासो बढ्नु ।<br>• लैससास को बिषयमा एकरुपता गर्ने क्षमता विकास हुदै ।<br>• बञ्चितिकरणमा परेका समुदायको उपस्थिति बढ्दो ।<br>• बित्तिय व्यवस्थापनको निर्णयमा लक्षित समुहको सहभागीताको लागी चासो बढ्नु । | • कानुन कार्यान्वयन गर्न दक्ष जनशक्तिको अभाव ।<br>• स्रोत साधनमा सिमितता ।<br>• महिला सहभागीता जुटाउन कठिन ।<br>• सर्बपक्षिय संचार र समन्वयमा समस्या ।<br>• बहु सास्कृतिक कार्य दक्षता बृद्धि गर्न चुनौती ।<br>• लक्षित समुहको क्षमता विकास गर्न । |

| | | | | |
|---|---|---|---|---|
| | • वालवालिका कोषको व्यवस्था हुनु | | | |
| **मानव संशाधन तथा क्षमता विकास** | • लैससासको लागी छुट्टै शिर्षकमा बजेट बिनियोजन हुनु ।<br>• रकम खर्च गर्ने कार्यबिधि हुनु ।<br>• महिला तथा लक्षित समुहका पदाधिकारीहरुको क्षमता अभिवृद्धिको कार्यक्रम र सो अनुसार बजेट विनियोजन गरिएको<br>• स्थानीय सरकारको समावेशी तथा लैङ्गिक विषयमा सम्बन्धीत मुद्धा हेर्ने मानव स्रोतको उपलब्धता रहेको । | • नीति तथा कार्यक्रममा समावेश गरि नीतिगत सुधार नभएको ।<br>• जनचेतनामुलक र महिला शसक्तिकरण्णको कार्यक्रम कम हुनु ।<br>• ऐन नियमको बारेमा जानकारी कम हुनु ।<br>• नियम कानुनको प्रभावकारी कार्यान्वयन नहुनु ।<br>• महिला र वञ्तिीकरणमा परेका समुदायलाई लक्षित कार्यक्रम पर्याप्त मात्रामा नहुनु | • पालिकाले आफैले नियम बनायर कर्मचारी क्षमता विकास गर्ने अवसर छ ।<br>• स्थानिय आवश्यकताहरु धेरै छन् ।<br>• जनप्रतिनिधिहरु सकारात्मक हुनु ।<br>• महिला वालवालीका शाखा स्थापना भएको र जिम्मेवारी तोकेको । | • समावेशी तथा लक्षित वर्गको विकास सम्बन्धी कानुन सम्बन्धमा कानुन निर्माण गरि लागु गर्ने<br>• महिला विकासका लागि भएका सम्बन्धीत महासन्धी अनतराष्ट्रिय घोषण पत्रसँग सामान्यजस्यता गर्ने पालना गर्ने<br>• लक्षित समुह महिला तथा लैङ्गिक तथा समावेशी विकासको लागि आवश्यक मानव स्रोत तथा अन्य स्रोतको सिमितता । |
| **सेवा प्रवाह** | • निर्माण भएका केहि भवन सौचालय लैङ्गिक मैत्री निर्माण भएका ।<br>• विद्यालयमा सेनिटरी प्याडको व्यवस्था हुनु ।<br>• प्रत्येक वडामा स्वास्थ्य सेवा उपलब्ध हुनु ।<br>• स्वास्थ्य संस्थामा स्तनपान कक्ष स्थापना भएको ।<br>• स्थानीय तहले आफ्नो पालिका भित्रका विद्यालय जाने सबै उमेरका वालवालिका लाई | • प्राबिधिक कर्मचारीहरुको क्षमता विकास नहुनु ।<br>• जनशक्ति अभाव र स्रोत साधनको कमि<br>• प्रजनन् स्वास्थ्य सम्बन्धी जनचेतना अभाव<br>• सबैका लागि समान शिक्षा सम्बन्धी ज्ञानको कमि र शिक्षा उपलब्ध गराउन लैङ्गिक विभेद<br>• औपचारिक शिक्षा लगायत अनौपचारिक शिक्षामा महिलाहरुको न्यून सहभागीता। | • स्थानीय तह बाट बजेटको व्यवस्था ।<br>• शिक्षामा सबैको समान अवसर दिने व्यवस्था ।<br>• शिक्षाको समान अवसर बाट महिलालाई सशक्तिकरण भै लैङ्गिक विभेद अन्त्य हुने अवसर<br>• खानेपानी तथा सरसफाई सम्बन्धी जनचेतना अभिवृद्धि हुदै जानु । | • यातायात संचार सूचना प्रविधि अन्य पक्षमा पहँच नहुनु।<br>• प्रजनन् शिक्षा सम्बन्धी नजचेतनाको कमी हुनु ।<br>• खानेपानी तथा सरसफाई कार्यक्रमका लागि आर्थिक नितिगत पक्ष कमजोर तथा न्यून हुनु ।<br>• प्रशासनिक र राजनैतिक जटिलता । |

| | | | | |
|---|---|---|---|---|
| | विद्यालय भर्ना हुने व्यवस्था मिलाएको ।<br>● स्थानीय तहले विद्यालय उमेरका वालवालिका लाई दिवा खाजाको व्यवस्था गरेको ।<br>● कार्यपालिकाबाट पुर्वाधार विकास समिति गठन तथा पुर्वाधार विकासको लागी छलफलगर्ने गरिएको । | ● खास बेरोजगारहरुका लागि निति नियमहरु तर्जुमामा कमी | ● बेरोजगारहरुको पहिचान गरेरे तथ्याङ्क संकलन गरि ठोस कार्यक्रम संचालनमा अग्रसर हुदै जानु । | |
| **सुशासन तथा उत्तरदायित्व** | ● महिला विरुद्ध हुने सबै खाले हिंसा बारे सचेतना बढेको ।<br>● समाजमा रहेका विभिन्न कुसंस्कार समस्या हटाउन कार्यक्रमका संचालन भएको ।<br>● सेवा प्रवाह गर्दा कानुन निर्माण गरी सेवा प्रवाह भएको<br>● समुदायको आवाजको स्थानीय सरकारबाट सम्बोधन हुने गरेको ।<br>● सामाजिक कार्यक्रममा बञ्चितमा रहेको समुदायको सहभागितामा भएको<br>● वार्षिक कार्यक्रम तथा आयोजनाको लागि नियमित रुपमा सार्वजनिक गर्ने गरेको ।<br>● संघिय सरकार र प्रदेश सरकारको निति तथा कार्यक्रम कार्यान्वयन गर्ने गरेको । | ● बञ्चितिकरणमा परेका महिला समूहलाई अग्राधिकार जस्ता निति नल्याएको ।<br>● कर्मचारी पदाधिकारीको आचार संहिता कार्यान्वयन नभएको ।<br>● स्थानीय स्तरमा रेडियो एफ एम र छापा मा स्थानिय भाषमा लैससासको सुचना नभएको ।<br>● लक्षित समुहमा सेवा पुगे नपुगेको छलफल नभएको<br>● अनुगमनबाट सिकेका पाठहरु योजनामा समावेश नभएको ।<br>● सञ्जालहरु विच कार्यगत छलफल नहुनु । | ● विपद व्यवस्थापनमा उत्साहजनक महिला सहभगिता को अवसर हुनु<br>● लक्षित वर्ग केन्द्रित राहत वितरण विपद व्यवस्थापन कार्य संचालनको अवसर।<br>● समावेशी बजेट तथा कार्यक्रम बनाउने व्यवस्था हुनु ।<br>● संचारको लागि स्थानीय रेडियो छापा स्थापना गर्ने अवसर छ ।<br>● लक्षित समुहको लागि जनचेतना कार्यक्रम राख्ने अवसर । | ● आवश्यकमात्रामा सोच नीति तथा कार्यक्रम र स्रोत तथा बजेटको अभाव हुन सक्छ ।<br>● स्रोतको सिमितता । |

### १.८.२ लैससास सुचकको अभ्यास तथा समुह छलफलबाट प्राप्त नतिजा

| मुख्य विषय | पूर्णाक | प्राप्तांक | सत प्रतिशत कार्यसंपादनका लागी मूख्य जिम्मेवारी |
|---|---|---|---|
| १. नीति कानुन तथा योजना | २० | १८ | योजना शाखा र कार्यपालिका सदस्य |
| २. संस्थागत विकास | २० | १३.५ | संपूर्ण कार्यपालिका र बिषयगत शाखाहरु |
| ३. मानव संसाधन | २० | १४ | कार्यपालिका सदस्य एवं बिषयगत शाखा |
| ४. सेवा प्रवाह | २० | १० | प्रमुख प्रशासकिय अधिकृत र शाखा प्रमुख एवं जनप्रतिनिधिहरु |
| ५. सुशासन तथा उत्तरदायित्व | २० | १३.५ | प्रमुख प्रशासकिय अधिकृत र शाखा प्रमुख एवं जनप्रतिनिधिहरु |
| **जम्मा** | **१००** | **६९** | |

### १.८.३ गत वर्ष र यस वर्षको नतिजामा तुलना

| क्र.सं. | विषयगत क्षेत्र | पुर्णाकं | हालको अंक | गत बर्षको अंक | फरक | नतिजा |
|---|---|---|---|---|---|---|
| १. | नीति कानुन र योजना | २० | १८ | १३ | ५ | बढेको |
| २. | संस्थागत व्यवस्था | २० | १३.५ | १० | ३.५ | बढेको |
| ३. | मानव संसाधन तथा क्षमता विकास | २० | १४ | ८ | ५ | बढेको |
| ४. | सेवा प्रवाह | २० | १० | १२ | २ | घटेको |
| ५. | सुशासन तथा उत्तरदायित्व | २० | १३.५ | १५ | १.५ | घटेको |
| | जम्मा | १०० | ६९ | ५८ | ११ | बढेको |

### १.८.४ लैससास सुचकको माकुरी जालो बाट नतिजा बिष्लेषण

**लैससास परिक्षणको माकुरी जालो बिधिबाट नतिजा प्रस्तुत** : सुनकोशी गाउँपालिका ले लैससास सम्वन्धी सुचकको अभ्यासमा प्राप्त गरेको अंकलाई यहाँ सारांशमा माकुरी जालोमा प्रस्तुत गरिएको छ ।



## १.८.५ लैससास परिक्षणबाट प्राप्त नतिजा (स्तम्भचित्र)

**लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षण मा पाँचवटा बिषयबस्तुले प्राप्त गरेको अंकभार लाई बिषयगत आधारमा Bar Chart मा तल प्रस्तुत गरियको छ।**







संस्थागत व्यवस्था
25
20
15
10
5
0
२०
१३.५
४
३
४
२.५
४
२.५
४
२.५
४
३
संस्थागत व्यवस्था
कर्मचारी पदाधिकारी प्रतिनिधित्व
कार्यप्रणालीमा समावेशिता
समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व
वित्त व्यवस्थापन प्रणालीमा समावेशिता
तथ्यांक संकलन तथा व्यवस्थापन
सूचकको अंक
प्राप्ताँक


मानव संशाधन तथा क्षमता विकास
25
20
15
10
5
0
२०
१४
८
४
४
३
४
४
४
३
मानव शंसाधन तथा क्षमता विकास
मानव संशासन तथा क्षमता विकास
अनौपचारिक मुल्य मान्यता र कु संस्कार बिरुद्ध जनचेतना
कानुनी साक्षरता
बिपद व्यवस्थापनमा समाबेशीता र सहभागिता
सूचकको अंक
प्राप्ताँक


सुशासन तथा उत्तरदायीत्व
25
20
15
10
5
0
२०
१३.५
४
२.५
४
३
४
२.५
४
२.५
४
३
सुशासन तथा उत्तरदायीत्व
सुशासन
उत्तरदायित्व र जवाफदेहीता
सुचना तथा संचार
अनुगमन तथा मुल्याङ्कन
समन्वय र सम्बन्ध बिस्तार
सूचकको अंक
प्राप्तांक

### १.८.६ लैससास परिक्षणमा दस्तावेज अध्ययन पश्चात प्राप्त नतिजा :

**क) गाउंपालिकाको ०७९/०८० र ०८०/०८१ को लक्षित वर्ग उत्थान सशक्तिकरण तर्फ बिनियोजित बजेटको तुलनात्मक बिबरण ०.१६ प्रतिशत बृद्धि भएको छ ।**

| क सं | बिबरण | आ.व.०७९/०८० | आ.व.०८०/०८१ |
|---|---|---|---|
| १ | सशर्त बाहेकको कुल बजेट | ५२,६८,३०,०००/ | ५१,६२,१४०००/ |
| २ | लक्षित वर्ग उत्थान बजेट | ३७,५०,०००/ | ४०,५०,०००/ |
| ३ | प्रतिशत | ०.७१ | ०.८७ |

**ख) गाउँपालिकाले गठन गर्ने उपभोक्ता समितिहरुमा महिलाहरुको प्रतिनिधित्व :**

गाउपालिकामा संचालन भएका सम्पुर्ण योजना अर्न्तगत गठित उपभोक्ता समितिहरको पदाधिकारीहरुको समाबेशी बिश्लेषण तपशिलमा रहेका छन् :

| आ.व. | उपभोक्ता समिति | पदाधिकारी संख्या | महिला पदाधिकारी संख्या | महिला अध्यक्ष संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| २०८०/०८१ | ३०८ | २१५७ | १०९५ | २३ | ५०.९० |
| २०८१/०८२ | ३५८ | २५०६ | ११८५ | ४२ | ४९ |

## १.९ लैगिंक समानता तथा सामाजिक समाबेशीकरण विकास कार्ययोजना

| मुल शिर्षक | प्राप्ताँक | अवस्था सुधारको लागी आवश्यक क्रियाकलाप | क्रियाकलाप संचालन गर्ने जिम्मेवारी | | | समय | थप दायित्व | |
|---|---|---|---|---|---|---|---|---|
| **नीति कानुन तथा योजना (२०)** | **१८** | • कानुन निर्माणलाई अपेक्षित समाबेशीकरण बनाउने र भएका कानुनमा केहि शब्दावली थप गर्ने<br>• योजना तर्जूमामा अत्याधिक मात्रामा लक्षित वर्गलाई सहभागी गराउन सुचक निर्माण गर्ने र यसको लागी सम्बन्धित पक्षको क्षमता विकास गर्ने ।<br>• महिला तथा वञ्चितिकरणमा परेको समुदाय र लक्षित वर्गमा बिभेदजन्य कार्यमा हुने हिंसा न्युनिकरणको लागी नीति निर्माण गर्ने र लक्षित वर्ग बारे को नीति निर्माण गर्ने ।<br>• रैथाने र आप्रवासी कामदार उपर बिभेद रेक्ने प्रावधान को लागी कामदार एकिन तथा ब्यवस्थापन कार्यबिधि बनाउने । | **पहल कर्ता** | **निर्णय कर्ता** | **कार्यान्वयन कर्ता** | १ वर्ष | | नपर्ने |
| नीति कानुनमा समाबेशीता सहभागीता (८) | ६.५ | | **प्रप्रअ** | **कार्य पालिका** | **योजना र प्रशासन शाखा** | | | |
| योजना तजूमा तथा कार्यान्वयन (८) | ८ | | | | | | | |
| बजेट तर्जूमा तथा कार्यान्वयन (४) | ३.५ | | | | | | | |
| **संस्थागत व्यवस्था (२०)** | **१३.५** | • खण्डीकृत तथ्याङ्क बिष्लेषण र आवश्यकताको आधारमा योजना निर्माण गर्ने ।<br>• स्थानिय स्तरमा कर्मचारी छनौट गर्दा महिला र वञ्चितिकरणमा | **प्रप्रअ** | **कार्यपालिका** | **सम्बन्धित शाखा** | **१ वर्ष** | पर्ने | |
| कर्मचारी पदाधिकारी प्रतिनिधित्व (४) | ३ | | | | | | | |
| कार्यप्रणालीमा समावेशिता (४) | २.५ | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व (४) | २.५ | परेका ब्यक्तिहरुलाई प्राथमिकता दिन २० अंक प्राथमिकता दिने नीति रहेको मा यसको कार्यबिधि बनाउने र प्रचारप्रसार गर्ने ।<br>● स्थानिय सरकारको लैगिंक डेक्सको स्थापना गर्ने र जिम्मेवारी तोक्ने ।<br>● स्थानिय स्तरमा संचालित कार्यक्रमको सम्बन्धमा महिला तथा वञ्चितिकरणमा परेका समुदायका लागी छुट्टै नीति तयार गरि कार्यान्वयन गर्ने ।<br>● स्थानिय स्तरमा संचालन हुने कार्यक्रममा आदिवासी जनजाती दलित तथा अन्य समुदायको लागी बजेट बिनियोजन गरि कार्यक्रम संचालन गर्ने ।<br>● बजेट निर्माण गर्दा लैगिंक उत्तरदायि बजेट बनाउने र लक्षित वर्गलाई सम्बोधन गर्ने बजेट बनाउने । | | | | | | |
| वित्त व्यवस्थापन प्रणालीमा समावेशिता (४) | २.५ | | | | | | | |
| तथ्यांक संकलन तथा व्यवस्थापन (४) | ३ | | | | | | | |
| **मानव शंसाधन तथा क्षमता विकास (२०)** | **१४** | ● बेईजिङ सरोकारका क्षेत्रहरुमा स्थानिय तहका प्रतिनिधिहरुलाई अभिमुखिकरण कार्यक्रम राख्ने यसको प्रचार सामाग्री बनाउने ।<br>● हिंसा मुक्त गाउ घोषणाको लागी वालमैत्री स्थानिय शासन कार्यक्रम संचालन गर्ने । | **लैससास शाखा** | **कार्यपालिका** | **प्रप्रअ** | **१ वर्ष** | पर्ने | |
| मानव संशासन तथा क्षमता विकास (८) | ४ | | | | | | | |
| अनौपचारिक मुल्य मान्यता र कु संस्कार बिरुद्ध जनचेतना (४) | ३ | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कानुनी साक्षरता (४) | ४ | ● कर्मचारी पदाधिकारी अध्ययन भ्रमण राख्ने ।<br>● लैससास सम्बन्धि क्षमता विकास कार्ययोजना तयार गरि छुट्टै शिर्षकमा बजेट बिनियोजन गरि कार्यान्वयन गर्ने ।<br>● लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरुको विकासको लागि छुट्टै कोष तथा वजेटको व्यवस्था गर्ने ( जस्तै अपाङ्गता विकास कोष, छात्रवृति कोष, दलित उत्थान विकास कोष आदि)र उनीहरूको सक्रियतामा आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गर्ने ।<br>● बाल हेल्पलाइन १०९८, बालबालिका हराएमा वा भेटिएमा १०४, महिला तथा बालबालिकामाथि हुने हिंसाको वारेमा उजुरी गर्न सकिने राष्ट्रिय महिला आयोगको टोल फ्रि नं. ११४५, घरेलु हिंसा जस्ता विषयमा जानकारीहरु समुदाय स्तरसम्म प्रभावकारी ढंगबाट सूचना प्रवाह गर्न स्थानीय संयन्त्र प्रयोग गरी लाभग्राहीहरुलाई सूचना प्रवाह गर्ने । | | | | | | |
| बिपद व्यवस्थापनमा समाबेशीता (४) | ३ | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ● गाउँपालिकामा स्थानीय सरकारको संस्थागत स्व- मूल्याङ्कन गरी तयार गरिएको कार्ययोजना तथा क्षमता विकास कार्ययोजना बनाई वार्षिक कार्यक्रममा समावेश गरी कार्यान्यवनमा ल्याउने । | | | | | | |
| **सेवा प्रवाह (२०)** | **१०** | ● पुर्वाधार विकास गर्दा लैगिंक वाल र अपाँगता मैत्री संरचनाको नीति निर्माण गर्ने ।<br>● सावैजनिक संरचना निर्माण गर्न नक्सा स्विकृत गर्दा सामाजिक समाबेशीकरणलाई प्राथमिकता दिने ।<br>● सकारात्मक वातावरणीय प्रभावलाई ध्यान दिई बजेट निर्माण गर्ने ।<br>● वार्षीक नीति तथा कार्यक्रममा प्रजनन स्वास्थ्य पोषण स्वास्थ्य बिमा लगायतका बजेट निर्माण र बिनियोजन गर्ने ।<br>● टोल सफाई अभियान फोहोर संकलन तथा बिर्सजन, रिर्चाजिङ कार्यक्रम र घरघरमा करेशाबारी जस्ता कार्यक्रमको लागी बजेट ब्यवस्था गर्ने ।<br>● स्वरोजगारमुलक आयमुलक र सिपमुलक तालिमलाई ब्यवस्थित | **प्रप्रअ** | **कार्यपालिका** | **सम्बन्धित शाखा** | **१ वर्ष** | पर्ने | |
| पुर्वाधार विकास (४) | १.५ | | | | | | | |
| प्रजनन स्वास्थ्य (४) | २.५ | | | | | | | |
| शिक्षा कार्यक्रम(४) | ४ | | | | | | | |
| खानेपानी तथा सरसफाई (४) | ०.५ | | | | | | | |
| स्वरोजगार तथा आय आर्जन र बजार ब्यवस्थापन (४) | १.५ | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | गर्ने र शाखागत समन्वयको कार्यक्रम संचालन गर्ने ।<br>● सुरक्षित बैदेशकि रोजगारीको लागी सुरक्षा जानकारी तथा क्षमता विकास कार्यक्रम संचालन गर्ने ।<br>● लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करण र जोखिममा परेका व्यक्ति र समुदायको नक्सांकन तथा वार्षिकरुपमा अद्यावधिक गर्ने ।<br>● वालीका तथा बञ्चीतिकरणमा परेका समुदायलाई शैक्षिक सहयोगको नीति लिने ।<br>● स्वरोजगार कार्यक्रमलाई बजेट थप गर्दै थप प्रभावकारी बनाउने । | | | | | | |
| **सुशासन तथा उत्तरदायीत्व (२०)** | **१३.५** | ● अपाँगता भएका व्यक्तिहरुका लागी सर्वसुलभ सेवा प्रवाह गर्न अपाँगता मैत्री संरचना निर्माण गर्ने, पालिका कार्यालयमा अपाँगता भेटघाट कक्ष स्थापना गर्ने ।<br>● जनप्रतिनिधि र कर्मचारी आचार संहिता निर्माण गरि कार्यान्वयनमा ल्याउने ।<br>● अन्तर सरकार समन्वय नीति तय गर्ने ।<br>● लैगिंक नीति कार्यान्वयनमा ल्याउने । | प्रप्रअ | कार्यपालिका | सुचना शाखा | **१ वर्ष** | पर्ने | |
| **सुशासन** | २.५ | | | | | | | |
| **उत्तरदायित्व र जवाफदेहिता** | ३ | | | | | | | |
| **सुचना तथा संचार** | २.५ | | | | | | | |
| **अनुगमन तथा मुल्याँकन** | २.५ | | | | | | | |
| **समन्वय र सम्बन्ध बिस्तार** | ३ | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | • स्थानीय तहले सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण, लैससास परिक्षण, गुनासो सुनुवाई, सामुदायिक सुचना पाटी, नागरिक वडापत्र जस्ता सामाजिक जवाफदेहिताका औजारहरुको कार्यान्वयनको लागि कार्यबिधि बनाई कार्यान्वयन गर्ने ।<br>• प्रत्येक वडाले website मार्फत वडा स्तरिय सुचनालाई ब्यवस्थित गर्ने । | | | | | | |

## १.१० निश्कर्ष तथा सुझावहरु

***निश्कर्ष***

समग्रमा लैससासको दृष्टिकोणले सुनकोशी गाउँपालिकाको अवस्था संन्तोषजनक नै देखिन्छ । लैससास परिक्षण गर्नको लागी सामाजिक विकास शाखाले लिएको पहल र शाखाको प्रत्यक्ष उपस्थितमा गाउँपालिकामा भएको कानून, नीति मापदण्ड कार्यक्रम योजना, निर्णय समेतमा भएको लैससास प्रावधानहरुको खोजी गरेको थियो । सो प्रावधानहरुलाइ आधार वनाउँदै पालिकाले लैससासका लागी गर्नुपर्ने सूचकमा आधारित कार्यहरु के हुन भनी सुचकका बारेमा अभिमुखीकरण गराउँदै पालिकाले गर्दै आएको कार्यमा के कस्तो अवस्था छ भनी छलफल गरि सुचकका आधारमा कोडिङ गरिएको थियो । सो कोडिङलाई माकुरी जालोबाट समेत स्पष्ट पारिएको थियो । सो कोडिङबाट सुचकमा आधारित के के काम गर्न बाँकी छन र ति कार्य गर्ने जिम्मेवारी को कस्को हुने भनी जिम्मेवारी समेत उल्लेख गरि कार्ययोजना बनेको छ ।

गाउँपालिकाले लैससास नीति कार्यान्वयन गरि नीति, योजना तथा कार्यक्रमहरुमा महिला तथा लक्षित वर्गलाई समेट्ने गरेको छ । तरपनि यो क्षेत्रमा अझै सुधार गरि सत प्रतिशत नतिजा ल्याउनको लागी गाउँपालिका स्तरीय लैससास रणनितिक योजना बनाई लागु गर्नुपर्ने देखिन्छ । त्यस्तै गरि सुशासन तथा उत्तरदायित्वको लागि गाउँपालिकाले निरन्तर रुपमा आफ्ना योजना, कार्यक्रम तथा बजेटको सार्वजनीक सुनुवाई, सामाजिक परिक्षण गर्ने तथा संचार माध्यमवाट आफ्ना क्षेत्रका सबै जनाताको पहुँचमा पुग्ने गरि प्रशारण गर्ने र अनुगमन गर्ने समितिले कार्यक्रम तथा योजना वाट लक्षित वर्गलाई परेको असर र प्रभावको पनि विश्लेषण गर्ने मापदण्ड तयार गर्नुपर्ने देखिन्छ ।

***सुझावहरु***

लैससास परिक्षण कार्यक्रमले विभिन्न चरणमा पदाधिकारी, कर्मचारीहरु, सरोकारवालाको विचार तथा राय लिईएको थियो । सो कार्य आफैमा आफ्नो मुल्यांकन आफै गर्ने पद्दतीमा सहयोग पुगेको छ । यस कार्यको लागी वडा अध्यक्ष, सदस्य तथा कार्यालयका विषयगत शाखा प्रमुख तथा अन्य कर्मचारीहरुको सकृय सहभागीता रहन अनिवार्य छ । यसरी चरणवद्ध तरिकाले गरिएको परिक्षण र परिक्षण पछिको सुझावहरु समेतका आधारमा बनेको कार्ययोजना कार्यन्वयन गर्ने कुरामा सहभागीहरुको प्रतिवद्धताले यो लैससास परिक्षण पछि तयार गरेको लैंससास कार्यन्वयन कार्ययोजना सफल हुने देखिन्छ ।

यसको साथै लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परिक्षणबाट आएको अंकभार, बिभिन्न दस्ताबेजहरुको अध्ययन, लक्षित वर्गको छलफल र सम्पुर्ण सुचकहरुको छलफलबाट लैससास पुर्ण रुपमा कार्यान्वयन गर्न देहाय बमोजिमका सुझावहरु रहेको छन ।

- गाउँपालिकाले लैससास परिक्षण प्रत्येक आर्थिक बर्षको पहिलो चौमासीक भित्रमा गर्नु पर्ने ।
- लैससास बिषयलाई महिला तथा बालबालिका विकास शाखाको मात्र जिम्मेबार क्षेत्र हो भन्ने मानसिकता हटाउनु पर्ने र हरेक विषयगत शाखाले आफ्नो कार्यक्रम गर्दा लैससासलाई मुलप्रवाहिकरण गर्नुपर्ने ।
- गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीलाई लैससास संवेदनशिल बनाउन लैससास सम्बन्धी क्षमता अभिवृद्धि गर्नुपर्ने ।

